|---|---|---|---|---|
| २८ | राष्ट्रपति रनिङ्गसिल्ड प्रतियोगिता | २,६५ | २,६५ | १००.०० |
| २९ | बहिरा विद्यालय व्यवस्थापन कार्यक्रम | १,८२ | ० | .०० |
| ३० | बाल कक्षादेखि कक्षा ६ सम्मका विद्यार्थी दिवा खाजा थप सहयोग कार्यक्रम | २२,२१ | १८,४४ | ८३.०५ |
| ३१ | चिकत्साशास्त्र अध्ययन प्रोत्साहन छात्रावृति | ५,०० | १,०० | २०.०० |
| | कुल जम्मा | २,०७,९३ | १,७०,२४ | ८१.८७ |

**कार्यक्रमबाट लाभान्वित जनसंख्याको विवरण:**

| क्र.स. | कार्यक्रम र आयोजना विवरण | लैंगिक आधारमा | | | जातियताका आधारमा | | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| | | छात्रा | छात्र | अन्य | दलित | जनजाती | ब्रामण, क्षेत्री | |
| ०१ | सबै कार्यक्रम | ३९४० | ४१४७ | | | | | ८०८७ |

**कार्यक्रमका मूख्य उपलब्धीहरूको विवरण:**

| क्र.स. | कार्यक्रम र आयोजना विवरण | मूख्य उपलब्धीहरू (मापनयोग्य उपलब्धीहरू) | कैफियत |
|---|---|---|---|
| | | • शैक्षिक सत्र २०८० को शिक्षकहरुको तलबी प्रतिवेदन पारित गराई सोको आधारमा शिक्षकहरुलाई नियमानुसारको तलब भत्ता निकासा गरेको ।<br>• कक्षा १-८ को स्थानीय पाठ्यपुस्तक छपाइ विद्यालयमा पठाइएको।<br>• विद्यालय अनुगमन तथा सुपरिवेक्षण कार्य थालनी गरेको ।<br>• स्यानिटरी प्याड वितरण गरेको ।<br>• नियमित प्रधानाध्यापक बैठक सञ्चालन भएको ।<br>• सामुदायिक विद्यालयको आ.व. २०७९/८० को अन्तिम लेखापरीक्षण सम्पन्न भएको।<br>• शिक्षक मेन्टरिङ कार्य सम्पन्न भएको<br>• स्थानीय पाठ्यक्रम तथा सहजीकरण पुस्तिका निर्माण र कार्यान्वयन<br>• भीमेश्वर सेरोफेरो पाठ्यपुस्तक निर्माण र प्रकाशन<br>• सामुदायिक र संस्थागत विद्यालयका शिक्षक तथा विद्यार्थीमा एकै प्रकारको पोशाक व्यवस्थापन<br>• विद्यार्थी मूल्याङ्कन फाराम कक्षा १, २ र ३ का लागि निर्माण र वितरण<br>• प्राथमिक तहमा अङ्ग्रेजी माध्यमको पठनपाठन<br>• सूचना तथा सञ्चार प्रविधिको प्रयोगमा जोड<br>• सिकाइ आपुरण तथा द्रुत सिकाइ (ReAL) योजना निर्माण तथा निदानात्मक परीक्षण साधन (Diagnostic Tool) निर्माण तथा प्रयोग | |

**कार्यक्रमका मुख्य समस्या तथा चुनौतिहरूको विवरणः**

| क्र.स. | कार्यक्रम र आयोजना विवरण | मुख्य समस्याहरू | मुख्य चुनौतिहरू |
|---|---|---|---|
| | | • विद्यालयको विभिन्न गतिविधिहरुको नियमित अनुगमन गर्न । | • जनशक्ति ब्यबस्थापन नहुनु |
| | | • कक्षाकोठाको सिकाइ सहजीकरणमा सुपरीवेक्षण गर्न । | • नियमित अनुगमन तथा निरिक्षण गर्न सवारी साधनको अभाव |
| | | • सामुदायिक शिक्षाको गुणस्तर अभिवृद्धि गर्न । | • आमरुपमा सम्पूर्ण पक्षहरुको चासो वृद्धि गर्न नसकिएको |
| | | • विद्यालयको पूर्ण निर्माण गर्न । | • दरबन्दी मिलानमा समस्या |
| | | • शाखामा जनशक्ति व्यवस्थापन गर्न | |
| | | • विषयगत तथा पेशागत शिक्षक तालिमको व्यवस्थापन गर्न | |
| | | • युवाहरुलाई समेट्ने कार्यक्रम सञ्चालन गर्न | |
| | | • सबै प्रकारका खेलकूदका कार्यक्रम सञ्चालन गर्न | |
| | | • सवारी साधनको व्यवस्थापन | |
| | | • शैक्षिक गतिविधिको नियमित प्रकाशन र प्रशारण गर्न | |

**आगामी बर्षका लागि सुझावहरूः**

- विद्यालयको विभिन्न गतिविधिहरुको नियमित अनुगमन गर्ने
- कक्षाकोठाको सिकाइ सहजीकरणमा सुपरीवेक्षण गर्ने
- सामुदायिक शिक्षाको गुणस्तर अभिवृद्धि गर्ने
- विद्यालयको भौतिक निर्माण हुन बाँकी निर्माण कार्य सम्पन्न गर्ने
- शाखामा जनशक्ति व्यवस्थापन गर्नुपर्ने
- विषयगत तथा पेशागत शिक्षक तालिमको व्यवस्थापन गर्ने
- युवाहरुलाई समेट्ने कार्यक्रम सञ्चालन गर्ने
- सबै प्रकारका खेलकूदका कार्यक्रम सञ्चालन गर्ने
- अनुगमन तथा सुपरिवेक्षणका लागि सवारी साधनको व्यवस्थापन गर्नुपर्ने
- शैक्षिक गतिविधिको नियमित प्रकाशन र प्रसारण गर्ने
- शिक्षक दरबन्दी मिलान कार्य गर्ने

**७) शाखाको सफल र असल अभ्यास**

- स्थानीय पाठ्यक्रम तथा सहजीकरण पुस्तिका तथा पाठ्यपुस्तक निर्माण र वितरण
- कक्षा १ देखि ८ सम्म भीमेश्वर सेरोफेरो पाठ्यपुस्तक प्रकाशन तथा वितरण
- सामुदायिक र संस्थागत विद्यालयका शिक्षक तथा विद्यार्थीमा एकै प्रकारको पोशाक व्यवस्थापन
- विद्यार्थी मूल्याङ्कन फाराम कक्षा १, २ र ३ का लागि निर्माण र वितरण
- प्राथमिक तहमा अङ्ग्रेजी माध्यमको पठनपाठन
- सूचना तथा सञ्चार प्रविधिको व्यवस्थापन
- सिकाइ आपुरण तथा द्रुत सिकाइ (ReAL) योजना निर्माण तथा निदानात्मक परीक्षण साधन (Diagnostic Tool) निर्माण तथा प्रयोग
- विद्यार्थी मूल्याङ्कन फाराम निर्माण र प्रयोग

## २. स्वास्थ्य तर्फ

कुल बजेटः ५९३००००० कुल खर्चः ४२०४१८४७.२० प्रगति प्रतिशतः ७०.८९

**कार्यक्रमको विवरणः**

| क्र.सं. | कार्यक्रम र आयोजना विवरण | विनियोजित बजेट | खर्च | प्रगति प्रतिशत | केफियत |
|---|---|---|---|---|---|
| १ | राष्ट्रिय खोप कार्यक्रम (नियमित खोप सुदृढीकरण, पूर्ण खोप सुनिश्चतता र दीगोपनाको लागि सुक्ष्मयोजना अद्यावधिक | ३०८००० | ३०८००० | १०० | |
| २ | MR, IPV खोप अभियान संचालन | २३९००० | २०५१०० | ८५।८२ | |
| ३ | मातृ तथा नवशिशु कार्यक्रम | ६७४००० | ५९४००० | ८८।१३ | |
| ४ | मातृ तथा नवशिशु कार्यक्रम अन्तर्गत आमा सुरक्षा, गर्भवती उत्प्रेरणा सेवा, न्यानो झोला र निशुल्क गर्भपतन कार्यक्रम | ४०९७००० | ३४३५९०० | ८३।८६ | |
| ५ | राष्ट्रिय महिला स्वास्थ्य स्वयं सेविका कार्यक्रम (पोशाक प्रोत्साहन तथा दिवश मनाउने समेत) | २६००००० | २५९६२५० | ९९।८६ | |
| ६ | सि.बि.आई.एम.एन. सि.आई कार्यक्रम (कार्यक्रम समिक्षा, स्थलगत अनुशिक्षण, समता तथा पहुच कार्यक्रम) | ३४०००० | ३४०००० | १०० | |

| क्र.सं. | कार्यक्रम र आयोजना विवरण | विनियोजित बजेट | खर्च | प्रगति प्रतिशत | केफियत |
|---|---|---|---|---|---|
| ७ | राष्ट्रिय पोषण कार्यक्रम | ५७१००० | ३७३००० | ६५।३२ | |
| ८ | राष्ट्रिय क्षयरोग कार्यक्रम | २००००० | १०७५५० | ५३।७७ | |
| ९ | उपचारात्मक सेवा कार्यक्रम (आधारभूत तथा आकस्मिक स्वास्थ्य सेवाको लागि औषधि खरिद, स्वास्थ्य चौकी (आधारभुत स्वास्थ्य सेवा केन्द्र) को न्युनतम सेवा मापदण्ड कार्यक्रम (अभिमुखीकरण, समिक्षा, फलो अप, अनुगमन तथा सुदृधिकरण समेत) | ३३००००० | १८७३२८५ | ५६।७६ | |
| १० | परिवार योजना तथा प्रजनन रुग्णता कार्यक्रम | २५५००० | २५०५०० | ९८।२३ | |
| ११ | डेगु नियन्त्रण कार्यक्रम | ८९००० | ८९००० | १०० | |
| १२ | किशोरकिशोरी स्वास्थ्य सेवा कार्यक्रम | ११६००० | ११६००० | १०० | |
| १३ | बार्षिक ,अर्धवार्षिक र मासिक समिक्षा कार्यक्रम | २००००० | १९९३०० | ९९।६५ | |
| १४ | स्वास्थ्यकर्मीहरुको तलव भत्ता तथा व्यवस्थापन खर्च | ३४१००००० | २२४२३६१६ | ६५।७५ | |
| १५ | विभिन्न स्वास्थ्य सम्बन्धी दिवश | ४५००० | २४६०० | ५४।६७ | |
| १६ | साउनेपानी शहरी स्वास्थ्य केन्द्र संचालन अनुदान | ५००००० | ५००००० | १०० | |
| १७ | म.स्वा.स्व.से. विदाई तथा प्रोत्साहन कार्यक्रम | ६००००० | ५४९४१० | ९१।५६ | |
| १८ | शहरी स्वास्थ्य केन्द्र संचालन अनुदान | ७२००००० | ५०६२५०० | ७०।३१ | |
| १९ | जेष्ठ नागरिक तथा अपाङ्गता तथा स्त्री रोग शिविर | ११००००० | १००८१०० | ९१।६५ | |
| २० | सुत्केरी पोषण भत्ता कार्यक्रम | ५००००० | १८६००० | ३७।२० | |
| २१ | स्वास्थ्य संस्था मर्मत संभार | ५००००० | ३०७३६० | ६१।४७ | |
| २२ | वडाहरु मार्फत विनियोजित स्वास्थ्य कार्यक्रमहरु | १५००००० | १४९२३७६ | ९९।४९ | |
| २३ | सक्रामक,महामरी जन्य तथा जुनेटिक रोगहरु | ६६००० | ० | ० | |
| २४ | स्यानेटरी प्याड खरिद | २००००० | ० | ० | |

स्वास्थ्य शाखा सँगको समन्वयमा भएका विविध शिविरहरुको विवरण राख्न पाउ राम्रो हुन्थ्यो की

**कार्यक्रमबाट लाभवान्भित जनसंख्याको विवरण: भीमेश्वर नगरपालिकाको सम्पूर्ण जनसख्या**

| क्र. स. | कार्यक्रम र आयोजना विवरण | लैंगिक आधारमा | | | जातियताका आधारमा | | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| | | महिला | पुरुष | अन्य | दलित | जनजाती | ब्रामण, क्षेत्री | |
| १ | उपचारात्मक सेवा (स्वास्थ्य चौकी, आधारभुत स्वास्थ्य केन्द्र, शहरी स्वा.के.) | १६३४४ | १२०८४ | | ३३४८ | १२७५५ | १२३२५ | |

**कार्यक्रमका मुख्य उपलब्धीहरूको विवरण:**

| क्र.सं. | कार्यक्रम र आयोजना विवरण | मुख्य उपलब्धीहरु (मापनयोग्य उपलब्धीहरू) | कैफियत |
|---|---|---|---|
| १ | खोप कार्यक्रम | • पुर्ण खोप सुनिश्चीतता (९५।३ प्रतिशत ) | |
| २ | पोषण कार्यक्रम | • औषत तौल लिएको पटक (८.३ पटक ) | |
| ३ | आमा सुरक्षा कार्यक्रम | • ४ पटक गर्भ जाँच (१२४ प्रतिशन) | |
| ४ | आमा सुरक्षा कार्यक्रम | • संस्थागत सुत्केरी (१६८ प्रतिशत) | |
| ५ | आमा सुरक्षा कार्यक्रम | • उत्तर प्रसुती जाँच (४८ प्रतिशत) | |
| ६ | उपचारात्मक सेवा | • ओपीडी भीजीट ( ८५७१६) महिला ५१०१७ र पूरुष ३४६९९ | अस्पताल सहित |

**कार्यक्रमका मुख्य समस्या तथा चुनैतीहरूको विवरण:**

| क्र.स. | कार्यक्रम र आयोजना विवरण | मुख्य समस्याहरु | मुख्य चुनौतीहरु |
|---|---|---|---|
| १ | राष्ट्रिय खोप कार्यक्रम | • शहरी क्षेत्रमा अस्थाई बसोबास गर्ने आमा तथा बच्चाहरु भएकाले नियमित खोप कार्यक्रम समाबेस गर्न कठिनाई । | • खोप खेर दर धेरै हुनु |

| क्र.स. | कार्यक्रम र आयोजना विवरण | मुख्य समस्याहरु | मुख्य चुनौतीहरु |
|---|---|---|---|
| २ | पोषण कार्यक्रम | ● २ ३ महिना सम्मका बालबालिकाहरुलाई नियमित वृद्धि अनुगमनको दायरामा ल्याउन नसक्नु ।<br>● ६ महिना सम्म पूर्ण स्तनपान गराउन समस्या | ● बालबालिकाहरुमा कुपोषणको जोखिम बढ्दै जानु । |
| ३ | आमा सुरक्षा कार्यक्रम | ● ४ तथा ८ पटक गर्भजाँचमा कमी | ● गर्भ अवस्थाका जटिलताहरु देखा पर्नु । |
| ४ | राष्ट्रिय क्षयरोग कार्यक्रम | ● क्षयरोगका केश नोटिफिकेसनमा कमी<br>● क्षयरोगका विरामीहरुलाई उपचार दायरामा ल्याउन नसक्नु । | ● समुदायमा सुशुप्त अवस्थामा रहेका क्षयरोका विरामीहरुका संख्या बड्दै जानु |
| ५ | नसर्ने रोग | ● समुदायस्तरमा नसर्ने रोगहरु दिनानुदिन बृद्धि हुदै जानु<br>● नसर्ने रोगको समयमै पहिचान , उपचार तथा प्रेषण नहुनु । | ● दैनिक रुपमा खाईने खानपान, परिवर्तित जीवनशैली । |
| ६ | सरुवा तथा सत्रामक रोग | ● डेंगु लगायत किट जन्यरोगहरु समुदायस्तरमा फैलिदै जानु | ● विरामीदर र मृत्युदर बढदै जानु । |

**आगामी वर्षका लागि सुझावहरु**

- प्रत्येक स्वास्थ्य संस्थाहरुलाई सुचना प्रविधिमैत्री बनाउनका लागि आवश्यक सामाग्रीहरु ( कम्प्युटर, प्रीन्टर, नियमित ईन्टरनेट) उपलब्धता गराउनु पर्ने ।
- उपचारात्मक तथा प्रवर्द्धनात्मक स्वाास्थ्य सेवा प्रवाह तथा संचालनका लागि स्थानियस्तरबाट आवश्यक बजेट विनियोजन तथा व्यवस्थापन गर्नुपर्ने ।
- गुणस्तर स्वास्थ्य सेवा प्रवाह गर्नका लागि आवश्यक औषधी , उपकरणको उपलब्धता तथा स्वास्थ्यकर्मीहरुलाई तालिमको प्रदान गर्नुपर्ने ।

**शाखाको सफल र असल अभ्यास**

जेष्ठ नागररिक तथा स्त्री रोग परिक्षण स्वास्थ्य शिविर सम्पन्न भै महिलाहरुमा भएका विभिन्न स्त्री रोगको समयमै पहिचान, उपचार तथा प्रेषण गरिएको ।

HPVDNA विधिबाट महिलाहरुमा हुने पाठेघरको मूखको क्यान्सरको परिक्षण तथा स्कृनिङ गरिएको ।

### ३. महिला तथा जेष्ठ नागरिक तर्फ

स्वीकृत वार्षिक कार्यक्रम प्रगती बिवरण (आ.व.२०८०/२०८१) (महिला, जेष्ठ नागरिक, अपाङ्गता सामाजिक बिकास शाखा) रु हजारमा

| क्र. स | कार्यक्रम अन्तर्गतका क्रियाकलाप | एकाइ | वार्षिक लक्ष्य | | वार्षिक प्रगती | | प्रगती % | | प्रमुख उपलब्धी | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | परिमाण | बजेट | परिणाम | बजेट | भौतिक | वित्तीय | | |
| १ | लैंङ्गिक परिक्षण | पटक | १ | ६०. | १ | ६०. | १०० | १०० | | अशल शासन |
| २ | दलित, गैर दति बिच अन्तर्रजातिय छुतबिभेद सम्मान | जना | ४ | २००. | ४ | २००. | १०० | १०० | | भी.न.पा ५ सन्दिप भण्डारी, जुना खाती, भीनपा ६ ध्यासाङ घिसिङ , दिपा बि.क.,भी.नपा.४ अमृत क'मार मुगराती,र सुष्मा श्रेष्ठ, भी.न.पा.८ रतिराम वि.क. पत्नि रजना डंगोल |
| ३ | लैंङ्गिक हिंसा निवारण कोष | जना | १ | ५०. | १ | ५०. | १०० | १०० | | कोषमा रहेको |
| ४ | अपाङ्गता परिचय पत्र बितरण | जना | ३४४ | - | - | - | १०० | १०० | | शुरु देखि हाल सम्म महिला १५२ पुरष १९१ |
| ५ | जेष्ठ नागरीक परिचय पत्र | जना | २८ | - | - | - | १०० | १०० | | महिला १६ पूरुष १२ |
| ६ | साबुन बनाउने (४ दिन) | जना | ७ | ११५ | ७ | ११५. | १०० | १०० | | दोलखा नेत्रहिन संघ (महिला लक्षित वर्ग शिर्षक ) |
| ७ | मानव सेवा आश्रम उद्धार | जना | १ | ११५. | १ | ६०. | १०० | १०० | | मानव सेवा आश्रम |
| ८ | छुवाछुत विरुद्ध १ दिन अभियान | जना | ५० | ६०. | ५० | ६०. | १०० | १०० | | नगरस्तिरीय |
| ९ | (ग वर्ग) अतिअशक्त अपाङ्गतालाइ सहयोग | जना | ९७ | ७००. | ९२ | ५,८२ | १०० | १०० | | नगरस्तिरीय |
| १० | (क वग) पूर्ण अपाङ्गता हेरालुलाइ सहयोग | जना | ३७ | ६००. | ३६ | ४,४४. | १०० | १०० | | नगरस्तिरीय |

| क्र. स | कार्यक्रम अन्तर्गतका कियाकलाप | एकाइ | वार्षिक लक्ष्य | | वार्षिक प्रगती | | प्रगती % | | प्रमुख उपलब्धी | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | परिमाण | बजेट | परिणाम | बजेट | भौतिक | वित्तीय | | |
| ११ | महिला शिपमूलक बाटेको धुपबनउने तालिम (७ दिने) | जना | १६ | १००. | १६ | १००. | १०० | १०० | | भी.न.पा. ३ |
| १२ | पञ्चे बाजा ता.(२५ दिन) | जना | २० | १००. | २० | १००. | १०० | १०० | | भी.न.पा. ४ |
| १३ | दिवसिय कार्यक्रम सञ्चालन | पटक | | २००. | | २००. | १०० | १०० | | अपागं दिवस,जेष्ठनागरीक, १६ दिने,८ मार्च |
| १४ | दलित महिला नेतृत्व शिप अभिबृद्धि ता. (३ दिन) | जना | १४६ | १००. | १४६ | १००. | १०० | १०० | | भी.न.पा. ४ |
| १५ | ढुङ्गा काटने मेशिन बनाउने तालिम (५ दिन) | जना | | २००. | | २००. | १०० | १०० | | भी.न.पा. २ |
| १६ | वडा तथ्याङ्क संकलन | पटक | १ | १००. | १ | १००. | १०० | १०० | | भी.न.पा. ६ |
| १७ | महिला क्षमता विकास हाते (७ दिन) | जना | २५ | ५००. | २५ | ५००. | १०० | १०० | | भी.न.पा. ९ |
| १८ | उदघोषक ता.(३ दिन) लैङ्गिक हिंसा विरुद्ध (२ दिन | जना | ४५ | २००. | ४५ | २००. | १०० | १०० | | भी.न.पा. १ |
| १९ | दलित महिलालाइ उदघोषक ता. (३ दिन) | जना | २५ | १००. | २५ | १०० | १०० | १०० | | भी.न.पा. ३ |
| २० | जेष्ठनागरीक,तथा अपागंतालाइ कार्यक्रम (७ दिन) | जना | १५ | १००. | १५ | १०० | १०० | १०० | | भी.न.पा. ३ |
| २१ | ड्राइभिङ तालिम (म. १ पु. २०) | जना | २१ | २००. | २१ | २००. | १०० | १०० | | भी.न.पा. ४ |
| २२ | ड्राइभिङ तालिम (म. ४ पु. १४) | जना | १८ | २५०. | १८ | २५०. | १०० | १०० | | भी.न.पा. १ |
| २३ | लक्षित क्षमता बिकास तालिम | जना | | ३५. | | ३५. | १०० | १०० | | भी.न.पा. ४ |

| क्र. स्र | कार्यक्रम अर्न्तगतका क्रियाकलाप | एकाइ | वार्षिक लक्ष्य | | वार्षिक प्रगती | | प्रगती % | | प्रमुख उपलब्धी | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | परिमाण | बजेट | परिणाम | बजेट | भौतिक | वित्तीय | | |
| २४ | महिला लक्षित क्षमता : उदघोषक ७ दिन,पञ्चेबाजा पुर्नताजगी (८ दिन), मुडा बनाउने (७ दिन) | जना | ४२ | १७०. | ४२ | १७०. | १०० | १०० | | पहिलो रु.१००.दोस्रो रु.३०.तेस्रो रु.४० भी.न.पा.५ |
| २५ | सिलाइ प्रशिक्षण तालिम | जना | १५ | १००. | १५ | १००. | १०० | १०० | | भी.न.पा. ६ |
| २६ | जात्रा/पर्व व्यवस्थापन खर्च | जना | ३० | २००. | ३० | २००. | १०० | १०० | | भी.न.पा. २ |
| २७ | होजियारी हाते बुनाइ (१५ दिन) | जना | २५ | २००. | २५ | २००. | १०० | १०० | | उज्यालो भबिष्य, दोलखा नगरस्तिर |
| २८ | एकल महिला जिविको पार्जन कार्यक्रम | जना | ४० | १००. | ४० | १००. | १०० | १०० | | नगरस्तिर (महिला एकल संस्था ) |
| २९ | महिला जनप्रतिनिधिलाइ कानून ता. (२ दिन) | जना | २० | ७५. | २० | ७५. | १०० | १०० | | नगरस्तिर |
| ३० | गुरु रेम्पोचे पद्दा सम्भवको प्रतिष्ठा कार्यक्रम | पटक | १ | २००˙ | १ | २००. | १०० | १०० | | भी.न.पा. ६ |
| ३१ | थामी संघको भेला आयोजना कार्यक्रम | पटक | १ | ५०. | १ | ५०. | १०० | १०० | | भी.न.पा १ |
| ३२ | सी.बि.आर. कार्यक्रम, | जना | ७८ | ३००. | ७८ | ३००. | १०० | १०० | | दृ.से.संघ/प्रदेश अर्न्तगत कार्यक्रम वडा समिति अभिमुखीकरण ६३ जना, जिविको पार्जन १५ जना, सहायक सामग्री खरीद, ५ गोटा |
| ३३ | महिला नेतृत्व विकास तालिम (३ दिन) | जना | ३० | १००. | ३० | १००. | १०० | १०० | | रबिन्द्र स्गौतम मृति प्रतिष्ठान |
| ३४ | जेष्ठनागरीक हडब्याग बितरण | जना | २३६ | १००. | २३६ | १००. | १०० | १०० | | भी.न.पा ४ |
| ३५ | दोलखा जात्रा पर्व | पटक | १ | ६००. | १ | ६००. | १०० | १०० | | भी.न.पा २ |
| ३६ | आत्महत्या र साइबर अपराध बिरुद्ध अभियान | जना | ४० | २४०. | ४० | २४०. | १०० | १०० | | दिपज्योति संस्था |

## ४. बालबालिका तर्फ

कुल खर्च: २५००००/-

**आर्थिक प्रगति प्रतिशत: १००%**

| क्र.स. | कार्यक्रम र आयोजना विवरण | विनियोजित बजेट | खर्च | प्रगति प्रतिशत |
|---|---|---|---|---|
| १ | किशोर किशोरी जिबनोपयोगी सीप तालिम ५ दिने २ समुहलाई | २ लाख | २ लाख | १००% |
| २ | बाल दिवस | ५० हजार | ५० हजार | १००% |
| ३ | बाबु आमा बिहिन बालबालिकाहरु लाई नगद सहयोग कार्यक्रम | ४ लाख ८० हजार | ४ लाख ८० हजार | १००% |
| ४ | बालमैत्री स्थानीय तह घोषणा प्रत्साहन कार्यक्रम | १लाख ५०हजार | १लाख ५०हजार | १००% |

**कार्यक्रमबाट लाभवान्भित जनसंख्याको विवरण:**

| क्र.स. | कार्यक्रम र आयोजना विवरण | लैंगिक आधारमा | | | जातियताका आधारमा | | |
|---|---|---|---|---|---|---|---|
| | | महिला | पुरुष | अन्य | दलित | जनजाती | ब्रामण, क्षेत्री |
| १ | किशोर किशोरी जिबनोपयोगी सीप तालिम | ३० | २० | | ६ | २१ | २३ |
| २ | बाल दिवस | १०३ | ९९ | | १९ | ६८ | ११५ |
| ३ | बाबुआमा बिहिन बालबालिकालाई संरक्षण कार्यक्रम | १६ | ८ | | २ | १७ | ५ |
| ४ | बालमैत्री स्थानीय तह घोषणा प्रत्साहन कार्यक्रम | ३० ओटा विदयालय | | | | | |

**कार्यक्रमका मुख्य उपलब्धीहरूको विवरण:**

| क्र.स. | कार्यक्रम र आयोजना विवरण | मुख्य उपलब्धीहरू (मापनयोग्य उपलब्धीहरू) |
|---|---|---|
| १ | किशोर किशोरी जिबनोपयोगी सीप तालिम ५ दिने २ समुहलाई | • बालबालिकाहरुले आफ्नो जीवनमा आइपर्ने स्वास्थ्य समस्या,मनोसामाजिक समस्याहरु कसरी व्यवस्थित गर्ने |
| | | • सकारात्मक सोचको विकास कसरि गर्ने भन्ने बारेमा जानकारी प्राप्त गरेको र तालिम पश्चात उनीहरुमा सकारात्मक परिवर्तन आएको कुरा बाल सञ्जालको बैठक र भेटघाट हुँदा छलफल गर्ने गरेको पाइएको छ |

| क्र.स. | कार्यक्रम र आयोजना विवरण | मुख्य उपलब्धीहरू (मापनयोग्य उपलब्धीहरू) |
|---|---|---|
| २ | बाल दिवस | • यस बर्षको बाल दिवस नयाँ तरिकाबाट संचालन गरिएको थियो, बाल दिवसमा बालबालिकासंग जनप्रतिनिधि कार्यक्रम संचालन गरियो यो कार्यक्रममा बालबालिकाले आफ्नो जनप्रतिनिधिहरुसँग गुनासा तथा चासो राख्ने अवसर प्राप्त भएको थियो यो कार्यक्रम २०२ जनाको सहभागितामा सम्पन्न भएको थियो |
| ३ | बाबुआमा बिहिन बालबालिका लाई संरक्षण कार्यक्रम | • बाबु आमा बिहिन बालबालिकाहरुलाई नगद सहयोग कार्यक्रमले बालबालिकाहरुको लागि स्वास्थ्य,शिक्षा देखि खाना, नाना सम्मको राम्रो ब्यबस्थापन भयको पाइएको छ |
| ४ | बालमैत्री स्थानीय तह घोषणा प्रत्साहन कार्यक्रम | • विदयालयमा भए बालक्लबहरुलाई वितरण |

## ५. सामाजिक सुरक्षा र पञ्जिकरण तर्फ

भीमेश्वर नगरपालिकाभित्र सामाजिक सुरक्षा लाभग्राहीको संख्या ३८८० जना रहेको छ। जसमा अन्य जेष्ठ नागरिक २५७९, जेष्ठ नागरिक दलित १४१ जेक्ष्ठ नागरिक एकल महिला २६३, विधवा आर्थिक सहायता ४८७ क वर्ग अपाङ्गता भएका ४६ ख वर्ग अपाङ्गता भएका १६० दलित बालवालिका २०४ रहेका छन्। उक्त वर्गको लागि भीमेश्वर नगरपालिकाबाट चौथो किस्ताको लागि मात्र ३९४८६४८३ रुपैया सामाजिक सुरक्षा भत्ता विवरण गरिएको छ।

त्यसैगरी पञ्जिकरण तर्फ एक वर्षको अवधिमा ३२३ बालक र ३०७ बालिका गरी ६३० जना बालक तथा बालिकाको जन्म दर्ता गरिएको छ। १५१ पुरुष र १३६ महिला गरी २८७ जनाको मृत्यु दर्ता गरिएको छ। त्यसैगरी ४८ जोडीको सम्बन्ध विच्छेदको घटना दर्ता भएको छ। ३६७ जोडीले विवाह दर्ता गराएका छन्। बसाई सरी आएको २२ वटा घटना दर्तामा ६३ जना बसाई सरी आएका छन् भने ४४ वटा बसाइँसराइका घटना दर्तामा १३० जना बसाई सरी गएका छन्। यस अवधीमा सबै वडामा गरी कुल १३९८ घटना दर्ता भएका छन्।

## पूर्वाधार विकास

### पूर्वधार विकस समिति

**१. सडक तथा अन्य पूर्वाधार विकास तर्फ**

**१.१ सडक तर्फ**

| | |
|---|---|
| १.१.१ पक्कि सडकः | ३.१५५ कि. मि. |
| १.१.२ कच्चि सडकः | ७.५८८ कि. मि. |
| १.१.३ सोलिङ तथा ग्राभेलः | ११.०० कि. मि. |

१.१.४ मेसनरी पर्खालः २.१२५ कि. मि.

१.१.५ ग्याविन पर्खालः १.६५४ कि. मि.

१.१.६ पक्कि नालाः २.७६४ कि. मि.

१.१.७ ह्युम पाईपः १६१ मि.

१.१.८ सौन्दर्यकरणः पानी निर्माण तथा वाल पेन्टिङ्ग

**१.२ खानेपानी तर्फ**

१.२.१ पाईप लाईनः २७.४१ कि. मि.

१.२.२ भण्डारण ट्याङ्कीः ६५ घन मि.

१.२.३ ईन्टेक ट्याङ्कीः ५.५ घन मि.

१.२.४ ढुँङ्गे धाराः १२ वटा

**१.३ सिंचाई तर्फ**

१.३.१ पक्कि कुलोः ३५४ मि.

१.३.२ पाईप लाईनः १.७०७ कि. मि.

**१.४ गोरेटो वाटो**

१.४.१ पक्कि वाटोः ७ कि. मि. (९२५० वटा सिँढी)

**२. भवन तथा वस्ति विकास तर्फ**

२.१ उस वाट निर्माण सम्पन्न भएका सार्वजनिक भवनहरूः ६ वटा

२.२ सार्वजनीक भवन मर्मतः १५ वटा

२.३ निर्माण सम्पन्न प्रमाण पत्र दिईएका निजि घरहरूः ११५ वटा

२.४ नक्सा पास अनुमति लिएका निजि घरहरूः २८ वटा

२.५ ठेक्का वन्दोवस्त वाट सम्पन्न भएका भवनहरूः

२.५.१ कवर्ड हलः ४०० सिट क्षमता र ७९१२ वर्ग फिट

२.५.२ टुँडिखेल (भीमेश्वर रङ्गाशाला): ३ तला ११० मि. लम्बाई र १००० सिट क्षमता

२.५.३ चरिकोट अस्पतालः १५ वेडको २ तल्ला र २९०६९.७४वर्ग फिट

२.५.४ सिनेमा हल सहित सातदोवाटो सपिङ कम्प्लेक्सः ८ तला एस्कालेटर सहित र २३९२४ वर्ग फिट

२.६ ठेक्का वन्दोवस्ती वाट निर्माणाधिन भवनहरूः

२.६.१ थामी सङ्ग्रालयः मूख्य सङ्ग्रालय भवन २ तले १ वटा, ट्रेनिङ हल ३ तले १ वटा, गेष्ट हाउस २ तले २ वटा लगायतका संरचना

२.६.२ २ नं वडा कार्यालयः ३ तले आर सी सी, स्लोप छाना र ढङ्गाको गारोको परम्परागत घर

२.६.३ ५ नं वडा कार्यालयः सव-स्ट्रक्चरको कार्य सकि भुँई तलाको काम हुँदै

२.६.४ वहु सांस्कृतिक संग्रालय भीनपा-६ः पहिलो तलाको ढलान कार्य हुँदै

**प्रधानमन्त्री रोजगार कार्यक्रम, शहरी शासकीय, नगर शहरी शासकिय कार्यक्रम अन्तर्गत सम्पन्न भएको परियोजना**

| क्र. स. | वडा नं | जम्मा परियोजना | | | | | सम्पन्न भएको परियोजना | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | वडा | प्रधानमन्त्री रोजगार कार्यक्रम | शहरी शासकीय | नगर शहरी शासकिय | जम्मा | वडा | प्रधानमन्त्री रोजगार कार्यक्रम | शहरी शासकिय | नगर शहरी शासकिय | जम्मा |
| १ | १ | १८ | १ | ३ | ० | २२ | १८ | १ | ३ | ० | २२ |
| २ | २ | ३० | १ | ५ | १ | ३७ | ३० | १ | ५ | १ | ३७ |
| ३ | ३ | ३७ | २ | ४ | ७ | ५० | ३५ | २ | ४ | ७ | ४८ |
| ४ | ४ | २२ | १ | ५ | १ | २९ | २२ | १ | ५ | १ | २८ |
| ५ | ५ | १२ | १ | ३ | १ | १७ | १० | १ | ३ | १ | १४ |
| ६ | ६ | १६ | १ | ३ | ५ | २५ | १६ | १ | ३ | ५ | २५ |
| ७ | ७ | ७ | १ | ३ | ० | ११ | ५ | १ | ३ | ० | ९ |
| ८ | ८ | २५ | १ | ३ | ० | २९ | २० | १ | ३ | ० | २३ |
| ९ | ९ | १७ | १ | ४ | ० | २२ | १७ | १ | ४ | ० | २१ |
| | | १८४ | १० | ३३ | १५ | २४२ | १७३ | १० | ३३ | १५ | २२७ |

**टेण्डर मार्फत सम्पन्न योजना संख्या १६ ।**

## वातावरण तथा विपद व्यवस्थापन

| क्र.स. | कार्यक्रम/आयोजना/क्रियाकलाप | खर्च शिर्षक | विनियोजित बजेट रु | खर्च रु. | प्रगति प्रतिशत | कैफियत |
|---|---|---|---|---|---|---|
| | **वन, वातावरण तथा जलवायु परिवर्तन अनुकूलन** | | | | | |
| १ | वातावरण व्यवस्थापन कोष | २२५२२ | ४००,००० | ० | ० | |
| १.१ | सामुदायिक वन उपभोक्ता समुहसँग अन्तरक्रिया कार्यक्रम | | ० | २६९,९३५ | ६७ | वातावरण कोष परिचालन |
| २ | नवीकरणीय उर्जा प्रविधि जडान (वायोग्याँस/ विद्युतीय चुल्हो/सुधारिएको चुल्हो/सौर्य उर्जा) | ३११५९ | ८००,००० | ८००,००० | १०० | |
| ३ | EBA II आयेजना दस्तावेज अनुसारका क्रियाकलापहरु-जोखिम तथा अनुकूलन, पारिस्थतिक प्रणालीमा आधारित जलवायु परिवर्तन अनुकूलन कार्यक्रम सञ्चालनका लागि सशर्त अनुदान, CIIPS समेत, वडा नं. ९ | ३११५७ | ४,४००,००० | ३६८,००० | ८ | |
| | **वातावरण तथा सरसफाई व्यवस्थापन** | | | | | |
| ४ | सरसफाई व्यवस्थापन तथा ज्ञान केन्द्र पूर्वाधार निर्माण, वडा नं. ६ | ३११५८ | ८,०००,००० | ४,२११,५३५ | ५३ | |
| ५ | फोहोरमैला व्यवस्थापन अनुशिक्षण तथा सरसफाइ कर्मचारी क्षमता विकास कार्यक्रम | २२५२२ | २००,००० | ० | ० | |
| ६ | सरसफाई व्यवस्थापन जनशक्ति परिचालन | | ४,३००,००० | ४,३७९,३५७ | १०२ | |
| | **विपद् व्यवस्थापन** | | | | | |
| ७ | उद्दार, राहत तथा पुनर्स्थापना खर्च | २७२१२ | १,५००,००० | ६३८,४३३ | ४३ | |
| ८ | आकस्मिक कोष | २२५२९ | १००,००० | ० | ० | |
| ९ | विपद् व्यवस्थापन कोष | २२५२२ | २,३००,००० | ५३९,६६३ | २३ | |
| १० | विपद् व्यवस्थापन कार्यक्रम, वडा नं. १ | २७२१२ | २००,००० | १९९,८६७ | १०० | |

| क्र.स. | कार्यक्रम/आयोजना/क्रियाकलाप | खर्च शिर्षक | विनियोजित बजेट रु | खर्च रु. | प्रगति प्रतिशत | कैफियत |
|---|---|---|---|---|---|---|
| ११ | विपद् व्यवस्थापन कार्यक्रम, वडा नं. २ | २२५२२ | १००,००० | १००,००० | १०० | |
| १२ | विपद् व्यवस्थापन कार्यक्रम, वडा नं ३ | २२५२२ | १००,००० | १००,००० | १०० | |
| १३ | विपद् व्यवस्थापन कार्यक्रम, वडा नं. ४ | ३११५९ | २००,००० | १९७,००० | ९९ | |
| १४ | विपद् व्यवस्थापन कार्यक्रम, वडा नं. ५ | २२५२२ | ४००,००० | ४००,००० | १०० | |
| १५ | वयस्क रुख कटान कार्यक्रम, वडा नं. ६ | २२५२२ | १५०,००० | ० | ० | रकमान्तर |
| १६ | विपद् व्यवस्थापन कार्यक्रम, वडा नं. ६ | २२५२२ | २००,००० | १००,००० | ५० | |
| १७ | विपद् व्यवस्थापन कार्यक्रम, वडा नं. ७ | २२५२२ | २००,००० | २००,००० | १०० | |
| १८ | विपद् व्यवस्थापन कार्यक्रम, वडा नं. ८ | ३११३१ | ४५०,००० | ० | ० | रकमान्तर |
| १९ | विपद् व्यवस्थापन कार्यक्रम, वडा नं. ९ | २२५२२ | ३००,००० | २५,००० | ८ | |
| २० | कुतकुतेखोला पहिरो नियन्त्रण, वडा नं. ९ | ३११५९ | ५००,००० | ५००,००० | १०० | |
| २१ | किरातीपाखा बालउद्यान निर्माण तथा सहकारी पहिरो नियन्त्रण, वडा नं. ४ | ३११५९ | ३००,००० | ३००,००० | १०० | पूर्वाधार विकास |
| २२ | काटेश्वाँरा सडक तथा पाटीखोला मुहान संरक्षण, वडा नं. ६ | ३११५६ | ५००,००० | ४९४,०२८ | ९९ | पूर्वाधार विकास |
| २३ | मैदाने रमिते खोल्सी नियन्त्रण, वडा नं. ६ | ३११५९ | ५००,००० | ५००,००० | १०० | पूर्वाधार विकास |
| २४ | सापकोटा-सेतिदेवी सडक पहिरो नियन्त्रण, वडा नं. ४ | | १,०७१,००० | १,०३८,८७० | ९७ | शहरी शासकीय तथा पूर्वाधार आयोजना |
| २५ | मर्‍याङ्गखोला दलित बस्ती संरक्षण पर्खाल निर्माण, वडा नं. २ र ३ | | १,०००,००० | ९३९,९३४ | ९४ | शहरी शासकीय तथा पूर्वाधार आयोजना |
| | **जम्मा** | | **२८,१७१,०००** | **१६,३०१,६२२** | **५८** | |

**आगामी बर्षका लागि सुझावहरू:**

- वनस्रोतको उचित व्यवस्थापन, जैविक विविधता संरक्षण, कृषि-वन प्रणाली प्रवर्द्धन, पर्या-पर्यटन प्रवर्द्धन गर्दै विकास निर्माण र आयआर्जनको क्षेत्रमा परिचालन गर्ने ।
- विपद् तथा जलवायु उत्थानशील योजनालाई मुलप्रवाहिकरण गर्ने ।
- **स्वच्छ भीमेश्वर, सफा भीमेश्वर** अभियानलाई अझ प्रभावकारी बनाउने ।
- शाखा अन्तरगतका कानुनी तथा नीतिगत दस्तावेजहरुको अद्यावधिक गरी कार्यन्वयन गर्ने, जोखिम संवेदनशील भू-उपयोग योजनालाई आवद्यिक तथा वार्षिक विकास योजनामा मूलप्रवाहिकरण गरी कार्यन्वयन गर्ने ।
- वार्षिक विकास योजनामा प्राथमिकताका साथ वन, वातावरण तथा विपद् व्यवस्थापन सम्बन्धी नीति तथा कार्यक्रम र बजेट समावेश गर्ने ।
- प्रभावमा आधारित मौसम पूर्वानुमान तथा पहिरो पूर्वसूचना प्रणालीलाई अझ थप व्यवस्थित गर्नुपर्ने ।
- संघीय तथा प्रदेश सरकार, स्थानीय तहहरु, सरकारी कार्यलय, गैरसरकारी संघ संस्था तथा परियोजनासँगको समन्वय तथा सहकार्यलाई प्रभावकारी बनाउनुपर्ने ।

**वन, वातावरण तथा विपद् व्यवस्थापन शाखाका मुख्य उपलब्धी, समस्या तथा चुनौति र सुझावहरु :**

- नेपाल सरकारको ‘**समृद्ध नेपाल; सुखी नेपाली**’ को राष्ट्रिय आकांक्षा हासिल गर्न तथा ‘**समृद्ध भीमेश्वर; पौरखी भीमेश्वरवासी**’ को नारालाई सार्थक बनाउनको लागि यससँग सम्बन्धित विभिन्न विषयगतक्षेत्रहरु मध्ये वन, वातावरण तथा विपद् व्यवस्थापन क्षेत्रको महत्वपूर्ण भूमिका रहेको छ । ‘वातावरणमैत्री दिगो पूर्वाधार; समृद्ध नगरको बलियो आधार’ भन्ने नीति अनुरुप हरेक पूर्वाधार संरचनाहरुलाई वातावरणमैत्री बनाउने प्रयास गरिरहेको छ । ठुला आयोजनाहरुमा वातावरणीय परिक्षणका अलवा जोखिम लेखाजोखा गर्नुपर्ने आवस्यकता महसुस भएकोछ । सामुदायिक वन तथा अन्य वन क्षेत्रको संरक्षण, सम्वर्द्धन र उचित सदुपयोग गर्नको लागि सम्बन्धित उपभोक्ताहरुको क्षमता विकासमा जोड दिइएकोछ । वृक्षारोपण, कृषि-वन प्रवर्द्धन, जैविक विविधताको संरक्षण, वन पैदावारमा आधारित उद्यम सञ्चालन, ‘एक वडा, एक पुनर्भरण पोखरी निर्माण’, जलवायु परिवर्तनका प्रतिकूल असरहरूलाई न्यूनीकरण गर्न जलवायु अनुकूलित कार्यहरु, पारिस्थिकीय प्रणाली व्यवस्थापनमा आधारित कार्यक्रम संचालन गर्न प्रोत्साहन गरिएकोछ ।
- भीमेश्वर नगरपालिका, डिभिजन वन कार्यालय र सामुदायिक वन उपभोक्ता महासंघको संयूक्त आयोजनामा नगरपालिका भित्रका सामुदायिक वन उपभोक्ता समूह वीच अन्तर्क्रिया कार्यक्रम सम्पन्न भएको छ । सामुदायिक वन व्यवस्थापन सम्बन्धी विद्यमान नीति तथा कानुनको वारेमा जानकारी, स्थानीय वन समुहहरुको समस्या तथा सवालको पहिचान र आगामी दिनमा संचालन गर्नुपर्ने कार्यक्रम वारेमा छलफल भएको थियो । **समृद्धिका लागि वन** अभियान मार्फत वन समूह परिचालन, वनको दिगो व्यवस्थापनका अलावा स्थानीय आर्थिक वृद्धिमा टेवा पुग्ने आशा गरिएको छ ।
- **नगरस्तरीय स्थानीय वातावरण तथा प्राकृतिक स्रोत संरक्षण ऐन र स्थानीय वन ऐन** नगर सभाबाट स्वीकृति भई कार्यन्वयन गरिरहेको छ ।

- **स्वच्छ भीमेश्वर, सफा भीमेश्वर** अभियान अन्तरगत सरसफाई तथा फोहोरमैला व्यवस्थापन कार्य नियमित रुपमा भैरहेको छ । **सरसफाई व्यवस्थापन तथा ज्ञान केन्द्र पूर्वाधार निर्माण कार्यलाई प्राथमिकताका साथ अगाडी बढाइएको छ ।** सरसफाई व्यवस्थापन तथा ज्ञान केन्द्रलाई प्रभावकारी र दिगो बनाउनको लागि **प्रारम्भिक वातावरणीय परीक्षण** कार्य सम्पन्न भएको छ। आम्दानी स्रोत ?????
- पहिरो, बाढी, आगलागी, भूकम्प, भूक्षय, सडक तथा सवारी दुर्घटना, बाँदर लगायत वन्यजन्तु आतंक जस्ता प्रकोप एवं विपद्जन्य घटनाहरु सिर्जना भई जनधनको क्षति हुन सक्ने सम्भावनालाई मध्यनजर गरी विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापनलाई उच्च प्राथमिकतामा राखिएकोछ। हालसम्म तयार भएका जोखिम संवेदनशील भू-उपयोग नीति तथा योजना लगायत विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन सम्बन्धी आवस्यक नीतिगत दस्तावेजहरु क्रमशः गरी कार्यन्वयन गरिरहेका छन् ।
- नगर विपद् व्यवस्थापन समितिले मनसुन लगायत यस अवधिमा सिर्जना भएका विपद्जन्य घटना र सोको व्यवस्थापनको लागि नेतृत्वदायी भूमिका निर्वाह गरिरहेको छ। वन, वातावरण तथा विपद् व्यवस्थापन विषयगत समितिले समेत सक्रिय भूमिका निर्वाह गरिरहेको छ । नियमित तथा आवस्यकताका आधारमा समितिका बैठकहरु संचालन भैरहेकाछन् । विपद् व्यवस्थापन कोषको परिचालन प्रभावकारी रुपमा भैरहेकोछ । अझ बढी रकम कोषमा जम्मा गरी परिचालन गर्नुपर्ने रहेछ भन्ने सिकाई मनसुन अवधिको विपद् व्यवस्थापनबाट भएको छ।
- **बलियो घर, सुरक्षित घर** बनाउनको लागि **भवन निर्माण संहिता र मापदण्ड**को प्रयोगलाई प्रभावकारी रुपमा कार्यन्वयन EBPS मार्फत भैरहेको छ। यसका लागि सम्बन्धित प्राविधिकहरुले भवन निर्माण संहिता र मापदण्ड सम्बन्धी क्षमता अभिवृद्धि गरी आवस्यक कार्य गरिरहेका छन् ।
- सुरक्षित तथा उत्थाशील नगर सम्बन्धी पैरवी, ज्ञान र अनुभवको आपसी आदान प्रदान, प्राविधिक विज्ञताको उपयोगिता तथा विभिन्न तहका सरकारहरुसंग सम्पर्क र साझेदारी सम्बन्धी उपयोगी Website (:https://mcr2030.undrr.org/) रहेका शहरलाई उत्थानशील बनाउने विश्वव्यापी अभियान Making Cities Resilient (2030 (MCR - 2030) मा यस नगरपालिका पनि आवद्ध भएको छ। यस कार्यले आपसी सिकाई आदना प्रदानलाई व्यवस्थित गर्नेछ।
- विपद् पूर्वतयारी, अल्पिकरण र रोकथाम जस्ता पक्षहरु, विपद् व्यवस्थापनको महत्वपूर्ण चरण अन्तरगत पर्दछ । पहिरो नियन्त्रण, नदीकटान नियन्त्रण, पहिचान गरिएका खुला क्षेत्रमा पूर्वाधार विकास, वडा तहमा नै विपद् व्यवस्थापन बन्दोबस्तका सामाग्रीहरु भण्डारण र वितरण, विपद् व्यवस्थापनमा समुदायमा आधारित प्रतिकार्य टोली परिचालन, आपत्कालीन कार्यसञ्चालन केन्द्रको प्रभावकारी सञ्चालनलाई जोड दिइएको छ। बारुणयन्त्र र चरिकोट बजारक्षेत्रमा रहेको फायर हाइड्रेन्टको प्रभावकारी संचालन हुने व्यवस्था मिलाइएको छ । यसै वर्ष सञ्चालन भएको दोलखा महोत्सवको अवधिमा आगलागी व्यवस्थापनसम्बन्धी चेतनामूलक कृत्रिम घटना अभ्यास संचालन गरिएको थियो । पहिरोमा आधारित पूर्वचेतावनी तथा सूचना प्रणाली वडा नं. १ बोसिम्पा र वर्षामापन उपकरण वडा नं. ७ मा जडान गरिएको छ। साथै, जल तथा मौसम

बिज्ञान विभाग र इन्स्टिच्युट अफ हिमालयन रिस्क रिडक्सन (IHRR) सँगको सहकार्यमा प्रभावमा आधारित मौसम पूर्वानुमान प्रणाली सुंचारु गरिएको छ। उक्त प्रणालीलाई अझ बढी प्रभावकारी बनाउने प्रयास भैरहेको छ।

- विपद् व्यवस्थापन कार्यलाई प्रभावकारी बनाउनको लागि आपतूकाली स्रोत, साधन तथा जनशक्ति सहित नगर **आपत्कालीन कार्यसञ्चालन केन्द्र** २४ सै घण्टा संचालन गरिरहेको छ।
- यस वर्षको मनसुनको अवधिमा अविरल वर्षातूसँगैको पहिरो तथा बाढीका कारण क्षति भएको सडक, सिंचाई, खानेपानी, बस्ती संरक्षण तथा सुचारु गर्नको लागि अझ थप बजेट समेत परिचालन भएकोछ।
- विपद् व्यवस्थापनको अर्को महत्वपूर्ण क्षेत्र स्थानीय आर्थिक वृद्धि पनि हो। पर्यटन तथा कृषि क्षेत्रको प्रवर्द्धन गरी स्थानीय आर्थिक कारोवार वृद्धि गर्नको लागि वडा नं. ६ सिम्पानीपार्कदेखि भ्यूटावरसम्म करिव २ कि.मि. पर्यटन पदमार्ग निर्माण र वडा नं. ६ रामकोट स्थित सिंचाई योजनाको मर्मत कार्य सम्पन्न भएको छ।
- मनसुन अवधिमा अविरल वर्षातूसँगै सिर्जना भएको पहिरो तथा बाढीका कारण क्षतिग्रस्त धनमाल तथा संरचनाको सुरक्षाको करिव १०१ वटा निवेदन प्राप्त भएकाछन्। सोहि अवधिमा **त्रिपाल ३३३ वटा र प्लाष्टिक ९ रोल** वितरण गरिएको छ। त्यस्तै, निजी घर संरक्षणको लागि सुख्खा गारो, सिमेन्ट मसलाको गारो तथा ग्याविन गारो वापत क्रमशः रु.१५ हजार, रु. २० हजार र रु.२५ हजार उपलब्ध गराउने व्यवस्था अनुसार **५८ वटा घरधुरी**, काठेपुल मर्मत र सडक मर्मत तथा संचालन समेत गरी जम्मा रु. **९ लाख ८९ हजार ३ सय ५०** भुक्तानी भएको छ।
- अघिल्लो वर्षको मनसुनको समयमा अविरल वर्षातूसँगै मर्‍याङ्गखोला आसपासमा क्षति भएको गिता नेपाली लगायतका ४ जना व्यक्तिहरुको निजी आवास घर पुनर्निर्माण तथा सबलिकरण गर्न सम्झौताको प्रक्रियामा रहेको छ। यस कार्यलाई यहि आर्थिक वर्षभित्र सम्पन्न हुने गरी कार्यन्वयनमा जोड दिनुपर्ने अवस्था रहेको छ।
- आर्थिक वर्षको वार्षिक योजना तथा बजेट तर्जुमा गर्नेक्रममा सम्बन्धित वडाले नै विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापनको लागि बजेट व्यवस्था गरेको हुनाले मनसुनको समयमा तत्काल विपद् व्यवस्थापन गर्न सजिलो भैरहेको छ। अव, आगामी आ.व. देखि सवै वडाले विपद् व्यवस्थापनको लागि आवश्यक बजेट सहितको कार्यक्रम तर्जुमा गर्नुपर्ने देखिएको छ। साथै, कुनैपनि विपद्को समयमा प्राथमिक प्रतिकार्यकर्ताको रुपमा वडा कार्यालय रहने भएकोले सोही सन्दर्भको कार्यक्रम, बजेट र उपकरण तथा सामाग्रीहरु वडा कार्यालय मातहत रहने व्यवस्था गर्नुपर्ने देखिन्छ
- विपद्ले सवैलाई प्रभावित गर्दछ, अझ बढी प्रभावित हुने वर्गमा महिला, बालवालिका, जेष्ठ नागरिक, अपांगता भएका व्यक्ति, विपन्न, यौनिक तथा अल्पसंख्यक वर्ग पर्दछ। यसरी अझ बढी प्रभावित हुने वर्ग तथा समुदायको हितका लागि विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापनमा लैंगिक समानता तथा सामाजिक

समावेशिकरणलाई जोड दिइएकोछ।

- प्रकोपलाई रोक्न सकिदैन तर विपद्लाई कम गर्न सकिन्छ भन्ने मान्यतालाई आत्मासात् गर्दै पहिरो, बाढी जस्ता मनसुनजन्य र आगलागी लगायतका प्रकोप तथा विपद्को पूर्वतयारी योजनाको तयारी भैरहेको छ।
- विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन सम्बन्धी अनुक्रमणिका स्व-लेखाजोखा तथा अद्यावधिक गरिएकोछ। सम्बन्धित विषयका विभिन्न १० वटा विषयगतक्षेत्र तथा ६५ वटा सूचकको आधारमा विगत् ३ वर्षदेखि स्व-लेखाजोखा/अद्यावधिक गर्दै आएको अनुक्रमणिकाको नतिजा **पहिलो वर्ष** (**वि.स.**२०७७) **को नतिजा** ४०%, **दोस्रो वर्ष** (२०७८०) **को नतिजा** ६३%, **तेस्रो वर्ष** (२०७९) **को नतिजा** ७०% **र चौथो वर्ष** (२०८०) **अथवा यस वर्षको नतिजा** ७९% रहेकाछन्। यस किसिमको नतिजाले विपद् वयवस्थापनको क्षेत्रमा नगरपालिको क्षमता क्रमशः वृद्धि हुदैछ भन्ने कुराको स्पष्ट संकेत गरेकोछ।
- **जिल्ला आपत्कालीन कार्यसञ्चालन केन्द्रसँगको समन्वय** : यस नगरपालिका तथा नगर आपत्कालीन कार्यसञ्चालन केन्द्र र जिल्ला आपत्कालीन कार्यसञ्चालन केन्द्र वीच नियमित तथा प्रभावकारी सम्पर्क र समन्वय भैरहेको छ। कुनैपनि विपद् व्यवस्थापनको लागि नगर, जिल्ला, प्रदेश र केन्द्रस्तरको आपत्कालीन कार्यसञ्चालन केन्द्र वीच नियमित सम्पर्क तथा समन्वय हुनुपर्दछ र भैरहेको पनि छ। यसलाई अझ प्रभावकारी तथा व्यवस्थित गर्नको लागि जिल्ला आपत्कालीन कार्यसञ्चालन केन्द्र, दोलखालाई तयार नेपाल परियोजना मार्फत आपत्कालीन सन्चार उपकरण तथा सामग्री उपलब्ध गराएको छ।
- भी.न.पा.-१ बोसिम्पा बस्तीमा रहेको पूर्वसूचना प्रणालीले नगरपालिकाको MEOC मा सम्बन्ध विस्तार भै तथ्याङ्कहरु प्राप्त भएका र सोही अनुसारको सूचना बस्ती स्तरमा संप्रेषण भएका छन् भने भिक्टरी प्रोजेक्ट अन्तर्गत ९ वटै वडाहरुमा ५५ जना नागरिक वैज्ञानिकहरुले वर्षा मापनको तथ्याङ्कहरु संकलन गरी जल तथा मौसम विभागको समन्वय, IHRR को प्राविधिक सहयोग र ADPC को आीर्थक सहयोगमा प्रत्येक दिन मौसम बुलेटिन र ३ दिनको प्रभावमा आधारीत मौसम पूर्वानुमान यो मनसुनमा जारी भैरहेको र सोही अनुसारको जानकारी वडा/वडामा संप्रेषण भैरहेको छ।

## वन, वातावरण तथा विपद् व्यवस्थापन शाखा : विपद् व्यवस्थापन

**फायर फाइटरहरुका लागि आगलागी व्यवस्थापन सम्वन्धी पुनरताजगी तालिम :**

आगलागीजन्य जोखिम व्यवस्थापन गर्नको लागि जनशक्ति तयार गर्ने उदेश्यका साथ नगरपालिकामा कार्यरत फायर ब्रिगेड कर्मचारीहरुका लागि ५ दिवसीय आगलागी व्यवस्थापन पुनरताजगी तालिम मिति : २०८० बैशाख ३१ गतेदेखि जेठ ४ गतेसम्म ५ दिवसीय आगलागी व्यवस्थापन पुनर्ताजगी तालिम युएसएआईडी तयार नेपाल परियोजनासँगको सहकार्यमा संचालन गरी सम्पन्न भएको थियो। यस तालिममा नगरपालिकामा कार्यरत फायर ब्रिगेड कर्मचारी तथा नगरक्षेत्रभित्रका स्वयमसेवकहरु र जिरी नगरपालिकाबाट समेत गरी जम्मा १५ जनाको सहभागिता रहेको थियो। यस तालिम शुरुमा मिति : २०७८ चैत्र २१ देखि २७ गतेसम्म संचालन भएको थियो। आगलागी व्यवस्थापन सम्बन्धी सीप

र सामग्री तथा उपकरण सहितको क्षमता अभिवृद्धि कार्यक्रमले नगरपालिकाक्षेत्र तथा छिमेकी गाउँपालिकाक्षेत्रभित्र (घर, गोठ, बस्ती, उद्योग तथा वन डढेलो) लाग्ने आगलागी व्यवस्थावन गर्नको लागि मद्दत पुगेको छ।

- **हरित उद्यम प्रवर्द्धन : महिलाहरुले नेतृत्व गरेका व्यवशायिक कार्यहरुको विपद् उत्थानशिलता सुधार कार्यक्रम**
  महिला उद्यमीहरुलाई व्यवसाय सुधारका साथै जलवायु अनुकुलन क्षमता विकासमा टेवा पुर्याउने उदेश्य सहित यस नगरपालिकासँगको सहकार्य तथा युएसएआईडी तयार नेपाल परियोजनकाको आर्थिक सहयोगमा महिला उद्यमी महासंघ नेपाल (FWEAN) ले **महिलाहरुले नेतृत्व गरेका व्यवसायहरुको विपद उत्थानशिल क्षमता सुधार कार्यक्रम** मिति : १ जुन, २०२३ देखि ३० जनवरी, २०२४ सम्म संचालन गरेको थियो। यस कार्यक्रम अन्तरगत संचालन गरेको पुष्पखेति र होम स्टे व्यवस्थापन तालिममा १५-१५ जना गरी जम्मा ३० जना महिला उद्यमीहरुको सहभागिता रहेको थियो। ३-३ दिनको दरले ५ चरणमा जम्मा १५ दिनसम्म संचालन गरेको यि तालिमबाट सहभागीहरुले व्यवसायको शुरुवाती चरणदेखि उत्पादन, व्यवस्थापन तथा बजारिकरणसम्मको ज्ञानसँग सँगै सम्भावित उच्च जोखिमको (High vulnereble) अवश्थामा पनि आफूले संचालन गर्ने व्यवसायहरु कसरी विपद उत्थानशिल (Disaster Resilience० बनाउन सकिन्छ भन्ने कुराको समेत ज्ञान हासिल गरेको छन्। पुष्पखेति तालिमका सहभागीहरुले आफ्नो क्षमता अनुसार पुष्प खेति गरी आम्दानी वृद्धि गरेका छन्। पुष्प खेतिको व्यवसायिक विकासको लागि तालिमका सहभागीहरु सम्मिलित एक **भीमेश्वर पुष्प व्यवसाय महिला समूह** दर्ता गरिएको छ। त्यसैगरी, होम स्टे व्यवस्थापन तालिमका सहभागीहरुले पनि होम स्टे व्यवसायलाई प्रवर्द्धन गर्न शुरु गरेका छन्। यहि कार्यक्रम संचालन अवधिमा नै महिला उद्यमी महासंघ नेपाल (FWEAN) को जिल्ला च्याप्टरको रुपमा **जिल्ला महिला उद्यमी संघ, दोलखा** दर्ता भई संचालनमा आएको छ।
- यस अवधिमा, वन, वातावरण तथा विपद् व्यवस्थापन विषयगत क्षेत्रको प्रभावकारीताका लागि नगरपालिका, सम्बन्धित सरकारी कार्यालयका अलवा युएसएआइडीको तयार नेपाल परियोजना, EBA-II, BEEN, इन्स्टिच्युट अफ हिमालयन रिस्क रिडक्सन (IHRR), सजक नेपाल, गौरशंकर पुस्तकालय तथा स्रोतकेन्द्र/रिड नेपाल, कोच नेपाल, एक्सन नेपाल, सुन्दर नेपाल लगायतका संघ संस्था तथा परियोजनाहरुले सहकार्य तथा समन्वय गरिरहेका छन्।

## संस्थागत विकास तथा सुशासन

### १. राजश्व

भीमेश्वर नगरपालिकामा आर्थिक वर्ष २०८०/८१ मा कुल ३,०४,८१,९०१.०५ राजश्व संकलन भएको छ। सोही आर्थिक वर्षको लागि रु ३,०२, ६०,००० राजश्वको लक्ष्य निर्धारण गरिएको थियो। संकलित राजस्वको शिर्षक गत विवरण यस प्रकार रहेको छ।

| राजस्व संकेत | राजस्व शीर्षक | रकम | राजस्व संकेत | राजस्व शीर्षक | रकम |
|---|---|---|---|---|---|
| ११३१३ | सम्पती कर | २६,६०,०८०.०० | १४२२९ | अन्य प्रशासनिक सेवा शुल्क | ११,५७,७५८.०० |
| ११३१४ | भुमिकर/मालपोत | ३३,९९,२८४.०० | १४२४२ | नक्सापास दस्तुर | १३,८३,१६८.१२ |
| ११३१७ | वहाल कर | ५२,७८,७१७.५९ | १४२४३ | सिफारिश दस्तुर | ३२,६९,२३९.७५ |
| ११३१८ | वहाल विटौरी कर | १२,६००.०० | १४२४४ | व्यक्तिगत घटना दर्ता दस्तुर | ३,६८,१००.०० |
| ११६३१ | कृषितथा पशुजन्य वस्तुको व्यावसायिक कारोवारमा लाग्ने कर | ११,४७५.०० | १४२४५ | नाता प्रमाणित दस्तुर | ९८,५५०.०० |
| ११६९१ | अन्य कर | ७४,५९०.०० | १४२४९ | अन्य दस्तुर | १,६४,४२१.०० |
| १४१५१ | सरकारी सम्पत्तीको वहालबाट प्राप्त आय | ४९,८९,६२८.८५ | १४२५३ | व्यावसाय रजिष्ट्रेशन दस्तुर | १५,४४,१५०.०० |
| १४२१२ | सरकारी सम्पतीको बिक्रीबाट प्राप्त रकम | १५,८००.०० | १४२६२ | विद्युत सम्बन्धी दस्तुर | १,४००.०० |
| १४२१३ | अन्य बिक्रीबाट प्राप्त रकम | २,०३,३३०.०० | १४२६५ | अन्य क्षेत्रको आय | १,३५०.०० |
| १४२१८ | विद्युत सेवा शुल्क | २,१००.०० | १४३१२ | प्रशासनिक दण्ड, जरिवाना र जफत | ७५,०००.०० |
| १४२१९ | अन्य सेवा शुल्क तथा बिक्री | २१,११,८५२.०० | १४५२९ | अन्य राजस्व | ८,८००.०० |
| १४२२१ | न्यायिक दस्तूर | २,७१०.०० | १४६११ | व्यवसाय कर | २,६७,१३०.५० |
| १४२२३ | शिक्षा क्षेत्रको आम्दानी | ५००.०० | ३३३४३ | विज्ञापन कर | ११,६००.०० |
| १४२२४ | परीक्षा शुल्क | ६,५००.०० | ३३३६६ | दहत्तर बहत्तर शुल्क | ३३,६२,०६६.२४ |
| | जम्मा | | | | ३,०४,८१,९०१.०५ |

**२. निर्माण व्यवसायी इजाजत पत्र सम्बन्धमा**

- निर्माण व्यवशायी इजाजत पत्र घ वर्गको ६ वटा नया इजाजत पत्र प्रदान गरिएको
- १०२ वटा फर्मको नविकरण गरिएको छ।

### ३. जलस्रोत अर्न्तगत

३० वटा खानेपानी तथा सरसफाई उपभोक्ता समितिको नविकरण भएको छ भने २ वटा सिंचाई उपभोक्ता समितिको नविकरण गर्नुको साथै ८ वटा खानेपानी तथा सरसफाई उपभोक्ता समितिलाई दर्ता गर्ने निर्णय भइ दर्ता गरिएको छ।

### ४. कानुन निर्माण तर्फ

२०८० पौषमा भएको नगर सभामा पेश गर्नको लागि देहायका ६ वटा विधयेक मस्यौदा तयारी गरिएको थियो। उक्त मस्यौदालाई विधयेकलाई नगरसभाबाट पारित गरी ऐनको को रुपमा नगरप्रमुखबाट प्रमाणित भई राजपत्रको रुपमा प्रकाशन भइ सकेको छ।

- स्थानीय तहमा वातावरण तथा प्राकृतिक स्रोतको संरक्षण सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन, २०८०
- स्थानीय वन ऐन २०८०
- करार सेवामा कार्यरत कर्मचारीको सेवा सुविधा सम्वन्धमा व्यवस्था गर्न बनेको ऐन, २०८०
- भीमेश्वर नगरपालिकाको नगर प्रहरी (व्यवस्थापन तथा सञ्चालन) ऐन, २०८० स्थानीय उद्योग दर्ता सञ्चालन, व्यवस्थापन र नियमन सम्बन्धी ऐन २०७७, २०७५ (खण्ड ४ भाग १, संख्या : ३ (मिति २०७७/१०/१०) को प्रथम संशोधन ऐन २०८०
- न्यायिक समिति (कार्यविधी सम्बन्धी) ऐन २०७४ भाग १ खण्ड १ संख्या ८ मिति २०७५/०१/०८ को प्रथम संशोधन ऐन २०८० पारित भएको छ।
- भीमेश्वर नगरपालिकाबाट जारी “घ” वर्गको निर्माण व्यवसायी इजाजतपत्र सम्बन्धी नियमावली, २०७५( खण्ड १ भाग २ मिति २०७५/०१/०८) को प्रथम संशोधन २०८० पारित भएको छ।
- प्रधानमन्त्री रोजगार शाखाबाट तयार पारिएको रोजगार रणनीति २०८० तयार पारिएकोमा उक्त रणनीति नगरकार्यपालिकाको मिति २०८० साउन १० मा बसेको बैठकबाट पारित
- भीमेश्वर नगरपालिकाको उपभोक्ता समिति गठन, परिचालन तथा व्यवस्थापन कार्यविधी २०८० मस्यौदा तयार पारिएको एकत कार्यविधि २०८० असोज १० गतेको कार्यपालिकाको बैठकबाट पारित भएको छ।

### ५. न्यायिक समिति तर्फ

संविधानको धारा २१७ मा कानुन बमोजिम आफनो अधिकार क्षेत्र भित्रका विवाद निरुपण गर्न गाउँपालिका वा नगरपालिकाले प्रत्येक गाउँपालिकामा उपाध्यक्षको संयोजकत्वमा र प्रत्येक नगरपालिकामा उपप्रमुखको संयोजकत्वमा तीन सदस्यीय न्यायिक समिति रहने र न्यायिक समितिमा गाउँ सभा वा नगरसभाबाट आफुमध्येबाट निर्वाचित गरेका दुई जना सदस्यहरु रहने व्यवस्था गरिए अनुरुप न्यायिक समिति सञ्चालनमा रहेको छ।

स्थानीय समुदायमा हुने जनसरोकारसँग सम्बन्धित विवादहरुको समाधान समुदायका ब्यक्तिहरु बसेकै ठाउँमा उनीहरूले छानेको जनप्रतिनिधिद्वारा उनीहरुकै प्रत्यक्ष संलग्नतामा सामान्य प्रकृतिका स्थानीय विवादहरु कम खर्चिलो, छिटोछरितो

र सहज ढङ्गले स्थायी समाधान गरी न्यायमा सबैको पँहुच सुनिश्चित गर्ने, मेलमिलाप मार्फत विवाद समाधान गरी सामाजिक सौहार्दता र सद्भाव कायम गर्ने उद्देश्य अनुरूप स्थानीय न्यायिक समितिको गठन भएको छ। सोही उद्देश्य पूरा गर्न भीमेश्वर नगरपालिका न्यायिक समितिले कार्य सम्पादन गरिरहेको छ। भीमेश्वर नगरपालिकाको न्यायिक समितिसमक्ष पर्न आएका विवादहरूको संख्या, किसिम र निरुपणको अवस्था, देखिएका समस्याहरूमा आधारित भइ यो प्रतिवेदन तयार पारिएको छ।

आर्थिक वर्ष २०८०/०८१ मा न्यायिक समितिमा जम्मा ५६ उजुरी दर्ता भएका छन्। जसमध्ये स्थानीय सरकार संचालन ऐन २०७४ को ४७ उपदफा १ अन्तरगत जम्मा २२ वटा विवाद दर्ता भएकोमा २० वटा विवाद समाधान भएका छन् बाँकी २ वटा प्रक्रियामा रहेका छन्। त्यसैगरी दफा ४७ उपदफा २ अन्तरगत जम्मा ३४ वटा उजुरी दर्ता संख्या भएकोमा २२ वटा विवाद समाधान भएका छन भने १२ वटा विवाद समाधान हुन बाँकी रहेका छन्। यसरी यो आ.व मा जम्मा ३१ वटा विवादहरु मेलमिलापको माध्यामबाट समाधान गरिएका छन्। मेलमिलाप हुन नसकी अदालत पठाएको जम्मा संख्या ९ र डिसमिस फैसलाको संख्या २ रहेका छन्। बाँकी १४ वटा विवादहरु समाधानको प्रक्रियामा रहेका छन्। यस अविधमा न्यायिक समितिको ४८ वटा बैठक बसी छलफल तथा निर्णय गरिएको छ। न्यायिक समितिमा ७७ जना मेलमिलापकर्ताहरु सुचिकृत भएका छन्। छिटो, छरितो, कम शुल्कमा न्याय प्राप्ती सवल पक्ष रहेका छन् भने म्याद तामेली, मुद्दाका पक्षहरुलाई उपस्थित गराउन र लेनदेनको मुद्दामा मेलमिलाप गराउन केही कठिनाई रहेको छ। साथै विभिन्न संस्थाको सहकार्यमा विभिन्न क्षमता विकास कार्यक्रम सञ्चालन भएका छन्। जुन यस प्रकार रहेका छन् :

**न्यायिक समितिको बैठक संख्याः– ४८**

**अन्तरक्रिया कार्यक्रममा सहभागिताः– ३ वटा**

- राष्ट्रिय न्यायिक प्रतिष्ठानबाट जम्मा १ दिनको अन्तरक्रिया लिएको (न्यायिक समिति पदाधिकारी ३ जना र कर्मचारी ४ जना सहभागि रहेको)
- राष्ट्र निर्माण मञ्च नेपालबाट १ दिने अभिमुखिकरण तथा अन्तरक्रिया कार्यक्रममा सहभागी भई मेलमिलाप र कानूनको विषयमा जानकारी पाएको (२ पटक)
- राष्ट्र निर्माण मञ्च नेपालको आयोजनामा १ देखि ९ न. वडाकार्यालयमा कानूनी घुम्ती क्लिनिक कार्यक्रम संचालन गरेको,
- आ.व २०८०/०८१ मा न्यायिक समिति र मेलमिलाप सम्बन्धी कार्यक्रम गर्न छुट्याएको बजेटबाट
- मेलमिलाप कर्ताहरु र न्यायिक समितिलाई ब्याग र ज्याकेट वितरण गरेको,
- भीमेश्वर नगरपालिका न्यायिक समितिको आयोजनामा न्यायिक समिति र मेलमिलापकर्ताहरुलाई एक दिने अन्तरक्रिया तथा छलफल कार्यक्रम राखिएको
- न्यायिक समितिमा दर्ता भएका निवेदनहरुलाई सफ्टवयरमा दर्ता गर्ने सिस्टमको ब्यवस्था गरिएको
- तीन दिनको भ्रमन कार्यक्रम भएको (मेलमिलापकर्ताहरुलाई)

## ६. खरिद तर्फ

**भीमेश्वर नगरपालिकामा टेण्डरमार्फत सामान खरिदको विवरण**

| क्र. सं. | आयोजनाको नाम | Contract No. | Estimated Amount | Agreement Amount | Paid amount till now |
|---|---|---|---|---|---|
| १ | कार्यालय स्टेशनरी सामान खरिद | BMP/SQ/GOODS/2080-81/E/01 | १,३२०,२८०.७० | ७५२,२६८.१२ | ७५२,२६८.१२ |
| २ | छपाईसँग सम्बन्धित सामानहरु खरिद | BMP/SQ/GOODS/2080-81/E/02 | ७९१,७६८.४० | २९९,१११.०० | २९९,१११.०० |
| ३ | योजना सफ्टवेयर खरिद | BMP/SQ/CS/2080-81/01 | ५३०,९१८.९७ | ५१२,९०८.१३ | ५१२,९०८.१३ |
| ४ | स्यानिटरी प्याड खरिद | BMP/SQ/GOODS/2080-81/E/03 | १,६२७,५००.०० | ६७४,१५२.३५ | ६७४,१५२.३५ |
| ५ | लम्पी स्किन भ्याक्सिन खरिद | BMP/SQ/GOODS/2080-81/E/04 | ५२५,०००.०० | ३६०,५००.०० | ३६०,५००.०० |
| ६ | आधारभुत तथा आकस्मिक स्वास्थ्य सेवाका लागि औषधि खरिद | BMP/SQ/GOODS/2080-81/E/05 | २,६६८,३३६.७५ | १,०२९,००२.८७ | १,०२९,००२.८७ |
| ७ | भुकम्प प्रभावित समुदायको आर्थिक विकासका लागि उच्च मूल्यका फलफुल तथा तरकारी खेती कार्यक्रम | BMP/NCB/GOODS/ 2080-81/ E/06 | ३,२४०,६४७.२२ | २,७५१,५८६.३९ | २,०८३,९९३.०० |
| ८ | तामाकोशी नदीको दायाँ किनाराबाट नागदह क्षेत्र, मर्यांगखोला क्षेत्र, ओखे सत्तारेगोलाई क्षेत्र र ठूलोबगर क्षेत्रबाट ढुङ्गा, बालुवा र गिट्टीको दिगो सङ्कलन र निकासीको प्रारम्भिक वातावरणीय परीक्षा (आईईई) को अध्ययन र तयारी | BMP/SQ/CS/2080-81/04 | ४९५,०४८.४८ | १७०,६३०.०० | १७०,६३०.०० |
| ९ | झोलुंगे पुलको स्टिल पार्ट्स खरिद (पुला खोला, कुथली खोला, भुतछाहरा खोला र सुलिस खोला) | BMP/NCB/GOODS/ 2080-81/ E/07 | ५,१७२,४८६.७७ | ४,२२६,६०५.८४ | |
| १० | बजार क्षेत्र र वडा कार्यालयमा सिसिटिभी क्यामेरा खरिद तथा व्यवस्थापन कार्य | BMP/NCB/GOODS/ 2080-81/ E/08 | ४,२६८,५७५.०० | | |
| ११ | | BMP/NCB/GOODS-RENT/2080-081/E/01 | ८१९,०००.०० | | |
| जम्मा | | | २,१४,५९,५६२.२९ | १०,७७६,७६४.७० | ५,८८२,५६५.४७ |

## ७. समीक्षा र सार्वजनिक सुनुवाई कार्यक्रम

भीमेश्वर नगरपालिकाको कार्यालय दोलखाको आर्थिक सहयोग र शैलुङ रेडियोको सहजिकरणमा भीमेश्वर नगरपालिकाको वडा नं ७,८ र ९ को लागि २०८१/जेठ १७ गते मा भीनपा ८ बोचमा र अन्य वडाहरुको लागि मिति २०८१ असार २३ गते भीमेश्वर नगरपालिकाको हलमा सार्वजनिक सुनुवाई कार्यक्रम सम्पन्न गरिएको थियो। कार्यक्रममा विशेषगरी वडा नं ८ र ९ मा कर्मचारीको सहज सुविधा, योजनाहरुको समयमानै भुक्तानी, व्यक्तिगत रिसइवीको कारण अख्तियारमा अनावश्यक उजुरी दिने प्रचलनले उपभोक्तामा निराशा भएको, शिक्षकककको दरबन्दी र काज सम्बन्धमा, गाउँमा निर्माण गरेका सडकको न मुआब्जा पाउने न नियमित प्रयोगमा आउने, भएको लगत कट्टा नगरिएको, सुर्के माविमा निर्माण थालिएको काम बजेट अभावको कारण अपुरो भएको प्रवेशद्वार निर्माणको बेलामा लिइएको लक्ष्य अनुरुप नभएको, सीप विकास, उद्यमशीलता र रोजगारीमा लगानी कम भएको, एसइइका परिणाम कमजोर भएको विषय, सार्वजनिक सम्पतिको संरक्षण हुन नसकेको विषय, बजार क्षेत्रमा फुटपाथ व्यवस्थापन हुन नसकेको, नगरपालिकाको बेरुजु फछ्र्यौटमा ध्यान नगएको जस्ता विषयहरु उठान भएका थिए।

## ८. सामाजिक परीक्षण

आ.व. २०८०/८१ मा सम्पादन गरेका कार्यहरुको सामाजिक प्रभाव मूल्यांकन गर्ने उद्धेश्यबाट सामाजिक परीक्षण गरिएको छ। सरोकारवाला तथा लाभान्वित वर्गको जवाफदेहीतालाई प्रकाश पार्न, स्थानीय तहले गरेका कार्यक्रमको प्रभावकारीताबारे जानकारी दिन, देखिएका कमी कमजोरीलाई सुधारको लागि पृष्ठपोषण गर्न र संस्थागत सुसाशन तथा जवाफदेहितालाई संस्थागत गर्नको लागि तेस्रो पक्षबाट सामाजिक परिक्षण गरिएको छ।

सामान्यतया सामाजिक क्षेत्रमा हुने कार्यक्रमहरुमा नगरपालिका तथा वडा तहबाट बजेट विनियोजन भइ कार्यान्वयन भएको र विविध क्षेत्रमा धेरै राम्रा कार्यहरु भएको अवस्था हुँदा हुँदै पनि स्थानीय तहबाट परिचालन हुने कार्यक्रमप्रति जनचासो कम रहेको, जनताले कार्यक्रम र बजेटप्रति खोज तलास गर्ने बानी कम भएको, सामाजिक सम्पत्ति संरक्षणप्रति जनचासो कम भएको, समावेशी तर्फको बजेट कार्यान्वयन सीमित समूहको पहुँच रहेको, अवस्था सामाजिक परीक्षणबाट देखिएको उल्लेख छ। सोही प्रतिवेदनमा जनताप्रति सार्वजनिक सम्पतिको संरक्षण गर्न, समावेशी कार्यक्रम तर्जमामा विपन्न वर्गको सहभागिता सुनिश्चित गरी लाभहरु सो वर्गमा पुऱ्याउन, योजनाहरुको सार्वजनिक परीक्षणलाई प्रभावकारी बनाउन, आवधिक योजना अनुसार कार्यक्रम बनाउन, स्थानीय उत्पादनको बजार व्यवस्थापन गर्न र सार्वजनिक सुनुवाई नियमित गर्न, सडकमा नाला व्यवस्थापन गर्न, अनुत्पादक क्षेत्रमा बजेट कमी गर्न सुझाव आएको छ।

## ९. साझेदार संस्था सहयोग कायकम

भीमेश्वर नगरपालिका र द एसिया फाउण्डेशनको साझेदारीतामा सञ्चालित स्थानीय सरकार सबलीकरण कार्यक्रम अन्तर्गतका आर्थिक बर्ष २०८०।०८१ को बार्षिक क्रियाकलापहरू।

| क्र.स. | कार्यक्रमको विवरण | सहभागिता | मुख्य उपलब्धीहरू |
|---|---|---|---|
| १ | नगर यातायात गुरूयोजना (MTMP) तयारी सहयोग | नगरपालिका | नगर यातायात गुरूयोजना तयार भइ कार्यान्वयन भएको, |
| २ | न्यायीक समिती प्रकृया तथा मेलमिलापकर्ता परिचालन सहयोग कार्यक्रम | न्यायीक समिती र मेलमिलापकर्ता | राष्ट्रीय न्यायीक प्रतिष्ठानबाट न्यायीक समिती सञ्चालन सम्बन्धी प्रकृयामा क्षमता विकास र अभ्यास आदान प्रदान कार्यक्रमबाट न्यायीक समितीको विवाद निरूपण प्रकृयामा सहयोग। राष्ट्र निर्माण मञ्च नेपालको सहयोगमा मेलमिलापकर्ता परिचालनका लागि लागि सहयोग र प्रत्येक वडामा कानुनी घुम्ति क्लिनिक सञ्चालन। |
| ३ | स्वास्थ्य शुसासनका लागि पब्लिक हेल्थ अफिसर सहयोग कार्यक्रम | स्वास्थ्य शाखा | पब्लिक हेल्थ अफिसरलाइ स्वास्थ्य शाखासंग समन्वय गरी परिचालनका लागि सहयोग, |
| ४ | महिला जनप्रतिनिधीहरूका लागि नियमित मेन्टरसिप कार्यक्रम | महिला जनप्रतिनिधीहरू | योजना तर्जुमा, स्थानीय शासन पद्दति, संघिय संरचना, लैंगिक समानता तथा सामाजिक समावेशीकरण जस्ता विषयहरूमा मागमा आधारित क्षमता विकास सहयोग, |
| ५ | वृहत नगर योजना पुनरावलोकन र पुनर्लेखन सहयोग | नगरपालिका | वृहत नगर योजना पुनरावलोकन र पुनर्लेखन भइ यस आर्थिक बर्षको योजना तर्जुमा प्रकृयामा कार्यान्वयन गरिएको, |
| ६ | अनुगमन तथा सुपरिवेक्षण क्षमता विकास कार्यक्रम | अनुगमन समिती र शाखा प्रमुखहरू | अनुगमन सुपरिवेक्षण कार्यबिधी मस्यौदा तयार भएको, सोही कार्यबिधीमा संलग्न अनुसुची फारमहरूको प्रयोग हुने गरेको, |
| ७ | सिमान्तकृत समुदायका लागि फेलोसिप कार्यक्रम | फेलो | नगरपालिकाको सिमान्तकृत र अति सिमान्तकृत समुदायबाट हरेक बर्ष १ जनालाइ स्थानीय तहमा हुने शासकीय पद्दतिका बारेमा सिकाइ उपब्ध गराइएको, |

| क्र.स. | कार्यक्रमको विवरण | सहभागिता | मुख्य उपलब्धीहरू |
|---|---|---|---|
| ८ | अन्तरपालिका सिकाइ तथा असल अभ्यास कार्यक्रम (स्वास्थ्य क्षेत्र, चितवान र राउण्ड टेबल, दमक) | स्वास्थ्य शाखा, नगर प्रमुख, उपप्रमुख, प्रमुख प्रशासकिय अधिकृत र आर्थिक प्रशासन शाखा प्रमुख | साझेदार नगरपालिकाहरूमा भएका असल अभ्यासहरूका बारेमा अन्तरपालिका बिचमा आदान प्रदान भएको छ। यो आदान प्रदानबाट एकअर्कासंग सिकेर नगरपालिकाले आफ्ना कार्यक्रमहरू तय गर्ने गरिएको, स्वास्थ्यका क्षेत्रमा भएका अभ्यासहरूको आदान प्रदान र आगामी दिनका लागि योजना तयार भएको छ। |
| ९ | आर्थिक विकासका लागि उद्धमी मेन्टरसिप कार्यक्रम | ७ जना उद्धमीहरू | ७ जना व्यवसाय सुरू गरिसकेका उद्धमीहरूका लागि ब्राण्डिङ, मार्केटिङ, कानुनी सहायता जस्ता बिषयमा सहयोग प्रदान भएको छ। |
| १० | अपांगता समावेशी सहयोग कार्यक्रम | नगरपालिका | नगरपालिकाबाट प्रवाह हुने सेवामा अपांगता भएका व्यक्तिहरूले पहुँच स्थापित गरिरहेको साथै नगरपालिकामा निर्माण भएका नयाँ भौतिक संरचनाहरू अपांगमैत्री, जेष्ठ नागरिकमैत्री र लैंगिकमैत्री निर्माण भइरहेका छन्। |

# आ व ०८०-८१ मा सञ्चालित विभिन्न कार्यक्रमहरुका झलकहरु




नगर यातायात गुरु योजना




उपभोक्ता समितिको अभिमुखिकरण




नगरपालिकाको गुरु योजना



उपभोक्ता समितिको अभिमुखीकरण




GESI अभिमुखिकरण




सामुदायिक घुम्ती क्लिनीक



क्षमता विकास तालिम



बेमौसमी तरकारी खेती तालिम



सामाजिक कार्यमा सेवा गर्ने मानव सेवा आश्रमलाई सम्मान गर्दै



अन्तर्जातीय विवाह सम्मान कार्यक्रम



CBIMNCI onsite coaching Program



जेष्ठ नागरिक तथा स्त्री रोग सम्बन्धि निशुल्क स्वास्थ्य शिबिर



पूर्णखोप सुनिश्चितता घोषणा कार्यक्रम




हजार दिनका आमाहरुलाई पोषण सामग्री वितरण कार्यक्रम



म.स्वा.स्व.से.को सम्मानजनक कार्यक्रम



घरेलु आगलागी नियन्त्रण तालिम



प्रभावमा आधारित मौषम पूर्वानुमान प्रस्तुती



विद्यालय स्तरमा प्राथमिक उपचार तालिम

# आ व ०८०-८१ मा निर्माण भएका भौतिक पूर्वाधारहरुका तस्बिरहरु



सातदोवाटो उद्यान, भीनपा - ३



सातदोवाटो सौन्दर्यकरण, भीनपा - ३



कभर्ड हल, भीनपा - ३



सिनेमा हल सहितको सातदोवाटो सपिङ कम्प्लेक्स, भीनपा - ३





भीमेश्वर रङ्गशाला, भीनपा - ३



पाहुना घर थामी संग्रहालय, भीनपा - १



थामी संग्रहालय मूख्य भवन, भीनपा - १



वाहुन काटे - एक्लेचौर सडक, भीनपा - ९, भण्डारे



गोपाल खोरिया - छिन्के - जम्दारटोल सडक, भीनपा - ९, छिन्के



शिव मन्दिर, भीनपा - ९, भीरमुनि



झिँगान - धोद्रे सडक, भीनपा - ९



बाटोकटेरी आर सि सि फड्के, भीनपा - ९



मुहान संरक्षण, भीनपा - १



वडा कार्यालय जाने सडक, भीनपा - १



देउराली - कात्तिके सडक, भीनपा - १



पानी वितरण च्याम्बर, भीनपा - १



आधुनिक कृषि टनेल, भीनपा - १



समता मार्ग वाइपास सडक, भीनपा - ३




व्याडमिन्टन हल रङ्गरोगन कार्य, भीनपा - १




ढाडे खेल मैदान, भीनपा - ८, वोच



देवी मा. वि. वालवालिका खेल उद्यान, भीनपा - ८, वोच




दाहाल गाँउ ढुङ्गे धारा, भीनपा - ७




पाटीखोला - उखुवारी सडक, भीनपा - ६, ७




टासि गुम्बा, भीनपा - ६, वहुसंस्कृतिक संग्राहालय



ढल नियन्त्रण कार्यक्रम, भीनपा - ४



सरसफाई केन्द्र, भीनपा - ६



निर्माणाधिन २ नं वडा कार्यालय भवन , भीनपा - २




पिपलवोट उद्यान, भीनपा - ५



चरिकोट अस्पताल (१५ वेड), भीनपा - ३



मानेडाँडा सडक व्यवस्थापन




सातदोबाटो प्रतीक्षालय




आगलागी नियन्त्रणसँग सम्बन्धीत सामाग्रीहरु हस्तान्तरण




आगलागी नियन्त्रण सम्बन्धी तालिममा सहभागी तथा जनप्रतिनिधिहरु



सिमपानी-भ्यूटावर पदमार्ग



विद्यालय स्तरीय आत्मरक्षा तालिम

# भीमेश्वर नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय

चरिकोट, दोलखा,
बागमती प्रदेश, नेपाल ।
सम्पर्क नं. : ०४९-४२११००, ४२१४९१
Email: info@bhimeshwormun.gov.np
Website: www.bhimeshwormun.gov.np